लम्कीचुहा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भल्का, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भल्का, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।१०।०७)

प्रस्तुत विषयमा यस लम्कीचुहा नगरपालिकाको कार्यालयका लागि निम्नानुसारका पदहरुमा देहायको संख्यामा कर्मचारीहरु आवश्यक परेको हुँदा तोकिएका पदहरुमा सेवा करार मार्फत कर्मचारीहरु पदपूर्ति गर्नुपर्ने भएकोले तपशील बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमको विवरण र राजश्व तिरेको सक्कल रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्नहुन अनुरोध छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ११/०८१/०८२ | सामाजिक परिचालक | स्थानीय तहको चौथो तह सरह | १ | |
| २ | १२/०८१/०८२ | अमिन | स्थानीय तहको चौथो तह सरह | १ | |
| ३ | १३/०८१/०८२ | नायव प्राविधिक सहायक | स्थानीय तहको चौथो तह सरह | १ | |
| ४ | १४/०८१/०८२ | ईलेक्ट्रिकल हेल्पर | श्रेणी विहिन | १ | |
| ५ | १५/०८१/०८२ | कार्यालय सहयोगी | श्रेणी विहिन | २ | |
| ६ | १६/०८१/०८२ | सवारी चालक (ट्याक्टर) | श्रेणी विहिन | २ | |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

क. **सामाजिक परिचालकको लागि :** मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परिक्षा वा सो सरह उतीर्ण गरेको।

ख. **अमिन पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिइ प्रवेशिका परिक्षा वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तीमा १ (एक) वर्षको तालिम प्राप्त गरेको।

ग. **नायव प्राविधिक सहायकको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा कृषि विषय लिई टी.एस.एल.सी. उत्तीर्ण।

घ. **ईलेक्ट्रिकल हेल्परको लागि :** साधारण लेखपढ गर्न जान्ने, Earth Resistance Equipment, Ampier Meter, Volt Meter हरु Handle गरी सञ्चालन गर्न साधारण ज्ञान हुनुको साथै विद्युतीय प्रणालीबारे पनि अनुभव र दक्षता हासिल गरेको। (प्लम्बिङको समेत ज्ञान भइकोलाई विशेष प्राथमिकता दिईनेछ।)

ङ. **कार्यालय सहयोगीको लागि :** सामान्य लेखपढ गर्न जानेको।

च. **सवारी चालक (ट्याक्टर) को लागि :** सामान्य लेखपढ गर्न जानेको र ट्याक्टर चालक अनुमति पत्र ( E Category) लिएको।

२. **उमेर हदः** १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

३. **दरखास्त दिने स्थान:-** लम्कीचुहा नगरपालिकाको कार्यालय, भल्का, कैलाली

४. **दरखास्त दिने अन्तिम मिति:-**२०८१/१०/२१ गतेसम्म कार्यालय समयभित्र।

५. **दरखास्त दस्तुरः** सहायक चौथो तहका लागि रु. ४००।- , श्रेणी विहिन पदका लागि रु. ३००।-

सुषमा महता के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

६. **छनौटको किसिमः-**

क. सामजिक परिचालक : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परिक्षा र अन्तरवार्ता

ख. अमिन : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परिक्षा र अन्तरवार्ता

ग. नायव प्राविधिक सहायक : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परिक्षा र अन्तरवार्ता

घ. ईलेक्ट्रिकल हेल्पर : प्रयोगात्मक परिक्षा र अन्तरवार्ता

ङ. कार्यालय सहयोगी : अन्तरवार्ता

च. सवारी चालक (ट्याक्टर) : प्रयोगात्मक परिक्षा र अन्तरवार्ता

७. **आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वयमले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरुको प्रतिलिपिः-

क. नेपाली नागरिकताको प्रमाण पत्र

ख. न्यूनतम शैक्षिक योग्यताको लब्धांक प्रमाण पत्र

ग. चारित्रिक प्रमाण पत्र

घ. अनुभव खुल्ने आवश्यक कागजात

ङ. ३ प्रति पासपोर्ट साईजको फोटो

च. अन्य दर्ता प्रमाण पत्र वा अनुमति पत्र आवश्यक पर्ने भएमा सोही बमोजिमका प्रमाणपत्र

८. **सेवा सुविधाः-** प्रचलित कानून र नगर कार्यपालिकाले तोके बमोजिम।

९. **सम्पादन गर्नुपर्ने कार्यविवरणः-** प्रचलित कानूनले तोके बमोजिम।

१०. **आवेदन पाईने स्थानः-** लम्कीचुहा नगरपालिकाको कार्यालय, भल्का, कैलाली।

(नोटः परिक्षा मिति पछि तोकिनेछ।)

प्रमुख प्रशासकीय अधिकृत

सुषमा महता के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner